बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः सातौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।०९।२४, बिहिबार

स्थानः क्व्होलासोथार गाउँपालिका वडा नं ६ पसगाउँ ।

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा वहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल वहादुर वि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९ | त्रिलोक चन्द्र गुरुङ | स्वास्थ्य शा. प्रमुख | " | |
| २० | यम बहादुर चन्द | मे.पा शाखा | " | |
| २१ | बसन्त पौडेल | लेखा शाखा | " | |
| २२ | प्रकाश श्रेष्ठ | प्राविधिक शाखा प्रमुख | " | |
| २३ | डा. अनुप गुरुङ | पशु सेवा शाखा प्रमुख | " | |
| २४. | स्मृति अधिकारी | कृषि अधिकृत | " | |
| २५. | कल्पना गुरुङ | एम.आई.एस अपरेटर | " | |
| २६. | श्री दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | " | |
| २७. | अनिल पौडेल | [illegible] | " | |

सातौं कार्यपालिका बैठक २०८२।०९।२४ गते, बिहिवार

**प्रस्ताव नं १. गाउँ सभा सचिवालयमा दर्ता भएका विधेयकहरु गाउँसभामा समक्ष पेश गर्ने सम्बन्धमा।**

**निर्णय नं १** . यस क्होलासोथार गाउँपालिकाको गाउँ सभा सचिवालयमा दर्ता भएका विधेयकहरु ( पुरक विनियोजन विधेयक २०८२, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक २०८२, नगर प्रहरी विधेयक २०८२, लेखा समिति गठन तथा सञ्चालन कार्यविधि २०८२ र बेरुजु फछ्र्यौट कार्यविधि २०८२ गरी जम्मा ५ वटा विधेयकहरु ) गाउँसभा समक्ष प्रस्तुत गर्न सम्बन्धित समितिलाई स्वीकृति दिने।

**प्रस्ताव नं २. एकल पुरुष निर्वाह भत्ता वितरण कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं २** क्होलासोथार गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्बन्धी कार्यविधि २०८२ को दफा ५ बमोजिमको वडा समन्वय समितिबाट सिफारिस भइ आएका ३० जना निर्वाह भत्ता लाभग्राहीहरुको बैंक खाता खोल्ने , परिचय पत्र बनाउने कार्य गरी सम्पूर्णको विवरण पञ्जीकरण शाखामा कार्यान्वयनको लागि पठाउने।

**प्रस्ताव नं ३. SEE परिक्षा केन्द्र सम्बन्धमा।**

**निर्णय नं ३** . यस गाउँपालिकामा हालसम्म एउटा पनि SEE परिक्षा केन्द्र नभएको हुँदा एउटा परिक्षा केन्द्र आवश्यक रहेको भनी गाउँपालिका शिक्षा समितिबाट निर्णय भई आएको शारदा मा. वि. SEE परिक्षा केन्द्र अनुमोदन गर्ने तथा सो कार्यान्वयनको लागि जिल्ला शिक्षा समन्वय ईकाई लमजुङमा सिफारिस गर्ने।

**प्रस्ताव नं ४. कर्मचारी अध्ययन विदा सम्बन्धमा।**

**निर्णय नं ४.** यस गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत कार्यरत हे. अ. श्री **बबिता चौधरीलाई** Bachelor in Public Health (BPH) स्नातक कार्यक्रम छात्रवृति कोटामा अध्ययन गर्न गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन, २०७९ बमोजिम पुर्व स्वीकृति प्रदान गर्ने मनोनयन तथा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० बमोजिम सम्पूर्ण योग्यता पुरा गरेको र ऐ. ऐनको दफा ७२ बमोजिम स्वीकृत अध्ययन विदाको दोब्बर अवधी सेवा गर्न कबुलियत पेश गरेको हुँदा प्रथम पटक न्यूनतम ३ (तीन) वर्ष बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने।

CamScanner

## सातौं कार्यपालिका बैठक २०८२।०९।२४ गते, विहिवार

**प्रस्ताव नं ५. आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ५**. सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | तमु ह्युल छौंज धीं, बेसीशहर इकाई | रु. ५०,०००। | तमु ल्होसार महोत्सव |
| २. | त्रिवेणी युवा क्लव, लमजुङ | रु. ७०,०००। | खेलकुद सञ्चालन तथा व्यवस्थापन |
| ३. | सत्य सेवा युवा क्लव,वडा नं ५ सिङ्दी | रु. ५०,०००। | खेलकुद सञ्चालन तथा व्यवस्थापन |

**प्रस्ताव नं ६. विविध।**

**निर्णय नं ६.**

क) यस गाउँपालिकाको वडा नं ५ स्थित सिङ्दीमा मिति २०८२ पौष ६ र ७ गते सम्पन्न भएको २ दिने आँखाको मोतियाबिन्दु शल्यक्रिया शिविरमा भएको खर्च रकम रु. ३,४७,३००।( अक्षेरुपी तीन लाख सतचालिस हजार तीन सय) अनुमोदन गर्ने र सो को निकाशा विशेषज्ञ शिविर र विविध शिर्षक स्रोतबाट खर्च गर्ने।

ख) भुजुङ कमागाउँ जोड्ने मोटरेबल पुल निर्माण प्रयोजनको लागि विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्न अनुमति प्रदान गर्ने।

ग) सिङ्दी बहुवर्षीय खानेपानी आयोजनाको पुर्ण कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner